# स्थानीय राजपत्र

## परोहा नगरपालिकाद्वारा प्रकाशित

खण्डः १ | संख्याः ५ | मितिः २०८०/०३/२२


**भाग- १**

**परोहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

## स्थानीय पूर्वाधार व्यवस्थापन विधेयक, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/३/२२

**प्रस्तावनाः** नगरपालिका क्षेत्रभित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम परोहा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस को नाम "स्थानीय पूर्वाधार व्यवस्थापन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन नगर सभाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ख) “उप प्रमुख” भन्नाले नगरपालिकाको उप प्रमुख सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले परोहा नगरपालिका सम्झनु पर्छ ।

(घ) “कार्यपालिका” भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) “नगर सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(च) “पूर्वाधार” भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमको बिषयसँग सम्वन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) “जलश्रोत” भन्नाले नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) “उपभोक्ता संस्था” भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ ।

(ञ) “अमानत” भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ ।

## परिच्छेद-२
## स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरुको वर्गीकरणः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको वर्गीकरण र बृहत्तर सडक सञ्जाल गूरुयोजना तयार गर्न सक्नेछ ।

(२) नगरपालिका स्तरमा मूख्यतः निम्नानुसारका सडकहरु रहनेछन्ः

(क) नगर सडकः नगरपालिका अन्तर्गतको वडाहरुलाई जोड्ने मूल सडकलाई नगर सडकको रुपमा वर्गीकरण गरिनेछ । यो सडक एक भन्दा बढी गाउँ, वस्ती, स्थानीय तह वा राजमार्गलाई जोडने सडक हुनेछ । यस्ता सडकको चौडाई न्यूनतम सात मिटर हुनेछ ।

(ख) ग्रामिण सडकः नगरपालिकाका वस्ती/टोलहरुमा यातायात वा आवागमनमा सहज पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा वर्गीकरण गरिनेछ ।

यसलाई वस्ती/टोल सडक पनि भनिनेछ। यस्ता सडकहरु आवश्यकताको आधारमा तीन मिटर देखि पाँच मिटरसम्म चौडा हुनेछन्।

(ग) कृषि सडकः नगरपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन्। यस्ता सडकको न्यूनतम चौंडाई चार मिटरको हुनेछ।

(घ) पर्यटकीय सडकः यो सडक नगरपालिका अन्तर्गतको महत्वपूर्ण धार्मिक तथा पुरातात्विक, ऐतिहासिक, रमणीय स्थान, मठ मन्दिर, मस्जिद, ताल तलैया, पर्यटकीय स्थलहरु, पद मार्ग वा त्यस्तै प्रकृतिका अन्य सडकलाई पर्यटकीय सडक भनेर वर्गीकरण गरिनेछ। यस्ता सडकको चौडाई न्यूनतम एक मिटरको हुनेछ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ती तथा मोडहरुमा सवारीहरुको आवागमनलाई मध्यनजर गरी निर्धारित चौडाई भन्दा कम्तीमा २५ (पच्चिस) प्रतिशत वढी हुनेगरी निर्माण गर्नु पर्नेछ।

४. **मापदण्ड निर्धारण गर्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हदभन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

५. **स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइनेः** (१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्रभित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काईने अधिकार नगरपालिकालाई हुनेछ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा नगर कार्यपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ। यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र नगरपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा लिखित सहमतिको आधारमा सडक वा पूर्वाधार बनाउनु पर्नेछ।

तर त्यसरी सहमती कायम हुन नसकेको खण्डमा तोकिए बमोजिमको न्यूनतम् क्षतिपूर्ति उपलब्ध गराई सडक वा पूर्वाधार निर्माण गर्न बाधा पर्ने छैन्।

६. **सडकको आवागमनमा बाधा पुर्याउन नहुनेः** (१) कसैले सार्वजनिक सडकमा कुनै मालवस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुर्याएको भए त्यस्तो मालवस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा नगरपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र मालवस्तु नहटाएको खण्डमा सो मालवस्तु हटाउन वा किनारा लगाए वापत जरिवाना गर्न सक्नेछ । र त्यस्तो मालवस्तुको धनी पत्ता नलागेको खण्डमा मालवस्तुलाई नगरपालिकाले जफत गर्न सक्नेछ ।

## परिच्छेद ३
## जलस्रोतहरुको संरक्षण र उपयोग

७. जलश्रोतको उपयोगः (१) नगरपालिका भित्र रहेका भूमिगत वा सतही जलश्रोतको अनधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(२) जलश्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइनेछः

क) खानेपानी

ख) सिँचाई

ग) औद्यागेगिक वा निर्माण प्रयोजन

घ) जल पर्यटन (जलविहार लगायत)

ङ) पानीको विक्री वितरण

(३) नगरपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार नगरपालिकालाई हुनेछ । मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।

८. **अनुमति लिनु पर्नेः** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन्ः

(क) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(ख) जलविहार जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ग) व्यवसायिक रुपमा पानीको विक्री वितरण गर्न,

(घ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप सञ्चालन गर्न नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

(३) सामुदायिक प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले नगरपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुर्याउने छैन्।

९. **खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक लाभ व्यवस्थापनः** (१) नगरपालिका क्षेत्रभित्र खानेपानी, सिँचाई, पोखरी, ताल र नदीको लागि जलस्रोत उपयोग गर्नु परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उपभोक्ता समिति वा संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नु पर्नेछ।

(२) यो ऐन तर्जुमा हुनु अघि नै संस्थागत रुपमा कुनै समिति वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको छ महिना भित्र नगरपालिकामा दर्ता गराउनु पर्नेछ।

१०. **जल उपभोक्ता समिति वा संस्थाको गठनः** (१) दफा ९ वमोजिम गठन हुने जल उपभोक्ता समिति वा संस्था कम्तीमा सात सदस्यीय हुनेछन्। त्यस्तो समिति वा संस्थामा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति वा संस्था दर्ता गर्न देहायका विवरणहरु सहित नगरपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनु पर्नेछः

(क) उपभोक्ता समिति वा संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी नगरपालिकाले उपभोक्ता समिति वा संस्था दर्ता गर्नेछ।

(४) उपभोक्ता समिति वा संस्था अभिछिन्न, उत्तराधिकारवाला संस्था हुनेछ। समिति वा संस्थाको कार्य समितिको अवधि २ वर्षको हुनेछ। अर्को कार्यकालको लागि कार्यसमितिको चयन गर्दा म्याद सकिनुभन्दा कम्तीमा एक महिना अगावै उपभोक्ताहरु मध्येबाट नयाँ कार्य समितिको चयन गर्नु पर्नेछ।

(५) समिति वा संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए वमोजिम हुनेछ।

(६) नगरपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके वमोजिमको जलस्रोत उपयोग कर तिर्नु पर्नेछ।

(७) तोकिए वमोजिमको विधि, प्रक्रिया अवलम्वन नगरेमा नगरपालिकाले उपभोक्ता समिति वा संस्थाको दर्ता रद्द गर्न सक्नेछ।

**११. जलस्रोतको ब्यवसायिक उपयोगका लागि अनुमति लिनुपर्नेः** (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, पर्यटन, जलविहार लगायतका जलस्रोतको व्यवसायिक उपयोगका लागि सो को उपयोग गर्ने कम्पनी, फर्म वा संस्थाले नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा १ वमोजिमको अनुमतिको लागि देहायका विवरणहरु खुलाई नगरपालिकामा निवेदन दिनु पर्दछ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत र अवधि,

(घ) परियोजना सञ्चालन गर्दा पर्ने वातावरणीय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिमको अनुमति सम्बन्धमा नगरपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरू तोकी अनुमति प्रदान गर्न सक्नेछ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको कम्पनी, समिति, फर्म वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमतिको लागि आवेदन दिनु पर्नेछ।

(५) अनुमतिपत्र प्राप्त कम्पनी, फर्म, समिति वा संस्थाले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा शुल्क बुझाउनु पर्नेछ।

(६) अनुमतिपत्र प्राप्त कम्पनी, फर्म, समिति वा संस्थाले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा नगरपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ।

## परिच्छेद ४

## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

**१२. स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्नेः** (१) नगरपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढी खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो वोर्ड गठनका लागि नगरपालिका समक्ष आवेदन पेश गर्नु पर्नेछ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछः

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्था मार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(ज) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व,

(झ) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल ।

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा नगरपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । वोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मत सम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफैं गर्न सक्नेछ ।

१३. **खानेपानी तथा सिंचाईको शुल्क निर्धारणः** (१) खानेपानीको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गरिनेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि | सदस्य |
| (ग) नगरपालिकाको लेखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद ५

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

१४. **स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने**: (१) नगरपालिका क्षेत्रभित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि नगरपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका तथा नर्म्स तयार गर्नेछ ।

१५. **भवनको दर्ता**: (१) नगरपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

१६. **भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था**: (१) नगरपालिका क्षेत्रभित्र पक्की भवन आरसिसी स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि नगरपालिका समक्ष दरखास्त दिंदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) आवासिय भवनको हकमा २५० बर्ग मिटर सम्मको भवन बनाउंदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्नेछ । सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्नेछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्यूनतम ५ फिट सेट व्याक छोड्नु पर्नेछ ।

१७. **वस्ती विकासको लागि अनुमति दिने**: (१) नगरपालिका भित्र कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्री गर्ने प्रयोजनबाट वस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा नगरपालिकामा बस्ती विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

## परिच्छेद-६

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१८. पूर्वाधार आयोजना तर्जुमाः (१) स्थानीयस्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि नगर सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरि आयोजनाको विवरण तयार गर्नु पर्नेछः

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

१९. लागत अनुमान तयार गर्नुपर्नेः (१) नगरपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि वढाउनु पर्नेछ।

२०. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनः (१) नगरपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछः

(क) रु. एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट

(ख) रु. तीस लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) रु. साठी लाख सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत

(घ) रु. साठी लाख भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके वमोजिमका निर्माण ब्यवसायी मार्फत

(ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत

**२१. उपभोक्ता समिति मार्फत गर्न सकिनेः** (१) रु. तीस लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिनेछ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट कम्तीमा सात जना सदस्य रहने गर्नु पर्नेछ सम्मको समिति गठन गरिने छ। यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनु पर्नेछ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर अवधि हुनेछ। निर्माण सकिएपछि पनि निर्माण अवधि वरावर कै वाँकी समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिनेछ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १५ प्रतिशत बराबरको श्रमदान गर्नु पर्नेछ।

२२. स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः (१) नगरपालिकाले ६० लाख रूपैयाँ सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि नगरपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले ब्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम नगरपालिका कार्यालयमा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई सम्बन्धित नगरपालिकामा निर्माण कार्य गर्ने ईजाजत सहितको ब्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्नेछ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण ब्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ। उपदफा (२) बमोजिम का स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र नवीकरण गराउनु पर्नेछ।

(५) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनु पर्नेछः

(क) न्यूनतम रु. २ लाख सम्मको चालू पूँजी देखाई नगरपालिकामा ब्यवसाय दर्ता भएको

(ख) ब्यक्ति वा ब्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम रु. ५ लाख सम्म वैंकीङ कारोबार गरेको

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रु. ३ लाख सम्मको निर्माण उपकरण चालू हालतमा रहेको।

**२३. स्थानीय निर्माण व्यवसायी बाट पूर्वाधार निर्माण गराइनेः** (१) नगरपालिकाले दफा (.....) वमोजिमका स्थानीय निर्माण व्यवसायीहरु मार्फत रु. साठी लाख सम्मको काम गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आपसी प्रतिशपर्धाका आधारमा छनोट गर्न सक्नेछ।

(३) नगरपालिकामा दर्ता भएका ब्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहायको ब्यवस्था हुनेछः

क) रित पूर्वक नगरपालिकाको संक्षिप्त सूचीमा सूचिकृत ब्यवसायीहरु मध्ये बाट १५ दिनको सूचना दिई प्रस्ताव माग गर्न सकिने।

ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनु पर्ने।

ग) न्यूनतम कवोल गर्ने ब्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिनभित्र सम्झौताका लागि आब्हान गर्ने।

घ) छानिएका व्यवसायीले कवोल रकमको १५ प्रतिशत बैंक ग्यारेन्टी सहित सम्झौताका लागि आउनु पर्ने ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उपकरार गर्न सकिने छैन । कुनै कारणवश आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना नगरपालिकालाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएमा नगरपालिकाले सो सम्बन्धमा जाँच गरी सो सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाणपत्र प्राप्त गरेको मितिले पैंतीस दिनभित्र नगरपालिका कार्यालयमा पेश गर्नु पर्दछ ।

**२४. पूर्वाधार मर्मत संभार कोषः** (१) नगरपालिका भित्र रहेका नगरस्तरीय वा केन्द्र/प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी ईत्यादिबाट प्राप्त रोयल्टि रकमको ..... प्रतिशत रकम दाखिला गरीनेछ ।

## परिच्छेद-७

## पूर्वाधार अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

२५. पूर्वाधार अनुगमन समितिको गठनः नगरपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा नगरपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरु को गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि सम्वन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) उपप्रमुख | अध्यक्ष |
| (ख) पूर्वाधारको विकास समितिको संयोजक | सदस्य |
| (ग) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (घ) योजना शाखा प्रमुख | सदस्य |
| (घ) भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य सचिव |

**२६. समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

**२७. अनुगमन पश्चात निर्देशन दिन सक्ने:** (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो वमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ।

**२८. सहमति दिनुपर्ने:** नगरपालिका आफैंले सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण ब्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ।

**२९. कारबाहीको सिफारिस गर्न सक्ने:** नगरपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण ब्यवसायीकै लापरबाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण ब्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो नगरपालिका भित्र उक्त ब्यवसायीलाई आगामी दिनमा काम नदिने ब्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

**३०. कालो सूचीमा राख्ने:** (१) देहायको अवस्थामा नगरपालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायीलाई भविश्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछः

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसूर गरेमा

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ।

**३१. प्राविधिक मूल्याँकन गर्नुपर्ने:** (१) नगरपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्याँकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित् गरीनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद ८

## सार्वजनिक निजी साझेदारीमा पूर्वाचार संरचनाको निर्माण तथा सञ्चालन

३२. **निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्नेः** (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसंग नगरपालिकाले खानेपानी तथा सरसफाई, सिंचाई, विद्युत, सडकसँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँगको साझोदारी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि साझेदारसंग लगानी प्राप्त गर्न र प्रतिफल वाँडफाँड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछः

(क) सञ्चालन तथा व्यवस्थापनः अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरणः ७ देखि १५ वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरणः १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्सेसनः सम्झौतामा तोकिए वमोजिम वा अधिकतम २२ वर्ष।

३३. **प्रस्ताव आव्हान गर्न सक्नेः** (१) नगरपालिकाले दफा (......) बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि ब्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोलि प्रस्ताव पेश गर्नु पर्दछः

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) बित्तिय श्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु

(च) परियोजनाको नक्सा तथा ड्इङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधी

३४. प्रस्ताव छनौट र सम्झौताः (१) प्राप्त भएका प्रस्ताव उपर नगरपालिकाले विज्ञ टोलीद्धारा तपसीलका आधारहरुमा मूल्याँकनका गराई प्रस्ताव छनोट गर्न सक्नेछः

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधी

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावक संग नगरपालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्नेछ।

**३५. संचालन तथा व्यवस्थापनः** (१) सम्झौता अवधि भरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धीत साझेदारको हुनेछ । सम्झौतमा हेरफेर गर्नुपरेमा निजी साझेदार वा नगरपालिकाको तर्फबाट एक अर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ।

## परिच्छेद-९

## वातावरण, भू-संरक्षण तथा वैकल्पिक उर्जा

**३६. वातावणीय प्रभाव मूल्याँकन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले ६० लाख देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्नेछ।

(२) आयोजनाको वातावरणीय परिक्षण र स्विकृति नगरपालिका स्वयंले गर्न सक्नेछ।

(३) वातावरणीय परिक्षण प्रतिवेदन स्विकृतिको लागि सो को प्रतिलिपि नगरपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सूझाब माग गर्नु पर्नेछ।

**३७. बैकल्पिक ऊर्जालाई प्रोत्साहनः** (१) पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नु पर्नेछ।

(क) कुनै घरमा सोलार, वायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत नगरपालिकामा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन।

(ख) घरेलु सौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई नगरपालिकाले नक्सा पासमा २५ प्रतिशतसम्म छुट दिन सक्नेछ।

३८. **भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्नेः** (१) नगरपालिका भित्रको भूक्षयग्रस्त, सार्वजनिक जग्गा, नदी किनार वा सडक किनारामा वाँस तथा विभिन्न जातका फलफूलजन्य वनस्पतिहरु सहितको वृक्षारोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ।

(२) यस्तो कार्यका लागि सम्वन्धित क्षेत्रका ब्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि नगरपालिका समक्ष निवेदन दिन सक्नेछ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र ब्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्याउने खालको हुनु हुँदैन।

(४) प्रस्तावित स्थल उपयूक्त देखेमा नगरपालिकाले अधिकतम ७ वर्षका लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्न सक्नेछ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्बन्धीत संधियारलाई प्राथमिकता दिनु पर्नेछ।

३९. **फोहरमैला तथा फोहरपानी व्यवस्थापनः** (१) नगरपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्नेछ।

(२) नगरपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईटको निर्माण गर्न सक्नेछ। सो कार्यको लागि नगरपालिकाले अन्य नगरपालिकासंगको साझेदारी समेत गर्न सक्नेछ।

## परिच्छेद-१०
## विविध

४०. **अन्तर स्थानीय समन्वयः** (१) एक भन्दा बढी नगरपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि नगर कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ।

४१. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

४२. **नियम वनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

४३. **बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ।

## अनुसूची-१

दफा ...... सँग सम्बन्धित

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटबन्द सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन

(ग) स्थानीय स्तरमा ट्रली वस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

(ङ) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयवन र नियमन

(च) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन

(छ) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन

(ज) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धी तथा प्रवर्द्धन

(झ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन

(ञ) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

(ट) स्थानीय तटबन्द, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ठ) फोहोरमैला व्यवस्थापन तथा ल्याण्डफिल साईट निर्माण

**प्रमाणीकरण मितिः २०८०/०३/२२**

आज्ञाले,
मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत